सातै प्रदेशबाट प्रादेशिक संस्करण
प्रकाशन गर्ने पहिलो दैनिक

राष्ट्रिय संस्करण

# नयाँ पत्रिका

१० असार २०७५, आइतबार | वर्ष १२, अंक ७२ | नेपाल संवत् ११३८

NAYA PATRIKA NATIONAL DAILY
www.enayapatrika.com

24 June 2018, Sunday | पृष्ठ १२+४ मूल्य रु. १० -

# राधी विद्युत कम्पनी लिमिटेड

**प्रथम पटक प्रकाशित मिति जेष्ठ २२, २०७५**
**दोस्रो पटक प्रकाशित मिति आषाढ १०, २०७५**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति जेष्ठ २०, २०७५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौ ।

१. **सभा हुने मिति, समय र स्थान :**
मिति : आषाढ २४, २०७५ (जुलाई ८, २०१८)
समय : बिहान ११:३० बजे, आइतबार
स्थान : अमृतभोग क्याटरिङ, कालीकास्थान, काठमाडौ ।

**क) साधारण प्रस्तावहरू**

१) संचालक समितिको आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७३/७४ को वासलात, नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
३) आ.व. २०७४/७५ को लागि लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कर प्रयोजनलाई समेत हुने गरी ०.६० प्रतिशत लाभांश स्वीकृत गर्ने ।
५) स्वतन्त्र संचालकको निर्युक्ति अनुमोदन गर्ने र कम्पनीको प्रवन्धपत्र तथा नियमावली बमोजिम सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने समूह 'ख' वर्गका शेयरधनीहरुको तर्फबाट दुई जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरू**

१) कम्पनीको जारी पुँजी रू. ४१ करोड बाट वृद्धि गरी रू. १ अर्ब २० करोड पुऱ्याउनको लागि प्रबन्धपत्रको दफा ६ को उपदफा ६.२ संशोधन गर्ने ।
२) संगठित संस्थाले नियुक्त गर्ने संचालकहरुको कार्यकाल सम्बन्धी नियमावलीको नियम २७ को उपनियम ३ संशोधन गर्ने र बोनस शेयर जारी गर्नका लागि नियम ४२ को उपनियम ३ थप गर्ने ।
३) चुक्ता पुँजीको १० प्रतिशत बोनस शेयर जारी गर्ने (बोनस शेयरको अंकमा दशमलव पछाडीको अंक ५ वा सो भन्दा बढी हुन आएमा त्यसलाई एक कित्ता बोनस शेयर कायम गरी सोको नपुग रकम सम्बन्धित शेयरधनीहरुबाट प्राप्त गर्ने, यसरी समायोजन गर्दा बढ्ने शेयर संख्या समेत स्वीकृत गर्ने र दशमलव पछाडीको अंक ५ भन्दा कम हुन आएमा सो कम हुन आएको दशमलव पछाडीको अंकलाई सयले गुणन गरी नगद लाभांसमा समायोजन गरी सम्बन्धित शेयरधनीहरुलाई नगदै उपलब्ध गराउने) ।
४) नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति आषाढ ५, २०७५ देखि आषाढ २४, २०७५ सम्म बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति आषाढ ४, २०७५ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन (मिति आषाढ ११, २०७५) भित्र दाखिल खारेजका लागी प्राप्त शेयरहरु बाट कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।
२. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, निर्वाचन सम्बन्धी कार्यक्रम, दफा ७८ बमोजिमको प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिपुरेश्वर मा सम्पर्क राख्न सकिनेछ । साथै कम्पनीको वेव साईट www.radhibidyut.com.np मा पनि हेर्न सक्नु हुनेछ ।
३. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनपर्नेछ ।
४. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) भरी सभा हुनु भन्दा चार (४) दिन अगावै अर्थात मिति आषाढ २०, २०७५ दिउँसो ४:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
५. एक जना शेयरधनीले एक भन्दा बढि व्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत बदर हुनेछ । तर पहिले दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनी नियुक्त गरेमा अघिल्लो प्रतिनिधि (प्रोक्सी) बदर भई पछिल्लो प्रतिनिधि (प्रोक्सी) मान्य हुनेछ ।
६. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न र प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
७. संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरलगत किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मत बाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।
८. शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा झोला तथा अन्य वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । साथै सुरक्षाकर्मी बाट आवश्यक जाँच हुन सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन विनम्र अनुरोध गरिन्छ ।
९. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९ बजे देखि खुल्ला रहने छ ।
१०. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.पा. वडा न ११ त्रिपुरेश्वर ब्लुस्टार कम्प्लेक्समा सम्पर्क राख्न अनुरोध गरिन्छ ।
११. सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागी निर्वाचन अधिकृतको कार्यालयको फोन नं. ०१-४२३२७४९, ०१-४२३२७५० मा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।
१२. आफ्नो परिचय पत्र सहित वा शेयर प्रमाण पत्र वा शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाताको विवरण (Demat Account) प्रस्तुत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।
१३. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति आषाढ २०, २०७५ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ । लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन् ।

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**

# संचालक निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

राधी विद्युत कम्पनी लिमिटेड को मिति आषाढ २४, २०७५ गते हुने वार्षिक साधारण सभाको छलफलको बिषय सूची मध्ये यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने समूह 'ख' तर्फबाट दुईजना शेयरधनीहरु निर्वाचन गर्ने कार्यक्रम रहेकोले संचालकको निर्वाचन सम्बन्धी निर्देशिका, २०७५ अनुसार निम्न बमोजिमको निर्वाचन कार्यक्रम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रथम मतदाता नामावली प्रकाशन | आषाढ १२, २०७५ | २:०० बजे (अपरान्ह) | यस कम्पनीको रजिष्टर्ड कार्यालय | |
| २. | मतदाता नामावलीमा दावी विरोध र छुट नाम दर्ता | आषाढ १३, २०७५ | ११:०० बजे (विहान) देखि २:०० बजे (अपरान्ह) सम्म | ऐ. | |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | आषाढ १३, २०७५ | ४:०० बजे (अपरान्ह) | ऐ. | |
| ४. | उम्मेदवारको मनोनयन दर्ता | आषाढ १४, २०७५ | १:०० बजे (अपरान्ह) देखि ३:०० बजे सम्म | ऐ. | |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | आषाढ १४, २०७५ | ४:०० बजे (अपरान्ह) | ऐ. | |
| ६. | उम्मेदवारको नाम उपर दावी विरोध र उजुरी दिने | आषाढ १५, २०७५ | १:०० बजे (अपरान्ह) देखि ३:०० बजे सम्म | ऐ. | |
| ७. | उम्मेदवारको नाम उपर दावी विरोध र उजुरी पछिको नामावली प्रकाशन | आषाढ १६, २०७५ | १०:०० बजे (विहान) | ऐ. | |
| ८. | उम्मेदवारको नाम फिर्ता लिने | आषाढ १६, २०७५ | १:०० बजे देखि ४:०० बजे (अपरान्ह) सम्म | ऐ. | |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | आषाढ १७, २०७५ | ११ :०० बजे (विहान) | ऐ. | |
| १०. | मतदान | आषाढ २४, २०७५ | | अमृतभोग क्याटरिङ्ग कालीकास्थान काठमाडौं | |
| ११. | मतगणना | मतदान पछि | | ऐ. | |
| १२. | निर्वाचनको परिणामको घोषणा | मतगणना पछि | | ऐ. | |

# शेयरधनी महानुभावहरूलाई जरुरी सूचना

यस कम्पनीको सम्पूर्ण शेयरहरू अभौतिकीकरण भईसकेको हुनाले डिम्याट खाता नभएका शेयरधनीहरुले डिम्याट खाता खोली यस कम्पनीमा जानकारी गराउन हुन विनम्र अनुरोध गर्दछु ।